फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल ।

प.सं. :- ०७८/०७९
च.नं. :- ३१ (आ.ले.प.)

विषय : आन्तरिक लेखापरिक्षण प्रतिवेदन पेश गरेको बारे ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
फलेवास नगरकार्यपालिकाको कार्यालय
खानीगाउँ ५, पर्वत

उपरोक्त सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ को उपदफा २ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ को प्रदेश तथा स्थानिय निकायमा गरिने लेखापरिक्षण बमोजिम यस कार्यालयबाट उपलब्ध भएका आ.व २०७७/०७८ को श्रावण देखि आषाढ मसान्तसम्मको बजेट कार्यक्रम र योजनाहरुसंग सम्बन्धित श्रेस्ता बिल भर्पाईको आधारमा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन थान एक यसै साथ पेश गरिएको छ । आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोराको सम्बन्धमा प्रमाण संलग्न गरी अन्तिम लेखापरिक्षणका लागी श्रेस्ता अद्यावधिक गराइराख्न अनुरोध छ ।

यशोदा शर्मा पौडेल
आन्तरिक लेखा परिक्षक
अधिकृत छैटौं

यशोदा शर्मा पौडेल
आ.ले.प. अधिकृत

बोधार्थ :

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं   एक प्रति आ.ले.प. प्रतिवेदन संलग्न छ ।

श्री महालेखा परिक्षकको कार्यालय, बबरमहल काठमाडौं   एक प्रति आ.ले.प. प्रतिवेदन संलग्न छ.

श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश पोखरा   एक प्रति आ.ले. प प्रतिवेदन संलग्न छ.

श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, कुश्मा पर्वत   एक प्रति आ.ले. प प्रतिवेदन संलग्न छ ।

१. संचित कोष खाता र खर्च खाता : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा स्थानीय संचित कोषको व्यवस्थापन गरेको छ । ग-४-१ संचितकोष खातामा नगरपालिकाले प्राप्त गर्ने सबै किसिमको आम्दानी गरी सो खाताबाट विनियोजित बजेट तथा कार्यक्रम सञ्चालन गर्न पूजिगत तर्फ ग-२-४ र चालुतर्फ ग-२-२ खर्च खातामा आवश्यक रकम संचित कोषबाट ट्रान्सफर गरी खर्च गर्ने र आर्थिक वर्षको अन्तिममा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ बमोजिम खर्च हुन नसकी बाँकी रहेका रकम सञ्चित कोष खातामा ट्रान्सफर गर्नुपर्नेछ । आ.व ०७७/०७८ को असार मसान्त भित्र गर्नुपर्ने मा सो गरेको गरेको पाईयो ।

२.राजश्व दाखिला : आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम सरकारी रकम कार्यालयमा प्राप्त भएको भए सोही दिन वा सम्भव नभए सोको भोलीपल्ट जिम्मेवार व्यक्ति तोकिएबमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैंक दाखिला गर्नुपर्दछ । वा राजश्व रकम बुझ्ने र दाखिला गर्ने सम्बन्धमा कार्यालयले दैनिक रुपमा राजश्व बैंक दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसक्ने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी ७ दिनभित्र त्यस्तो नगद बैंक दाखिला गर्नुपर्नेछ भन्ने व्यवस्था भएबमोजिम यस नगरपालीका अन्तर्गत वडा कार्यालयबाट संकलित राजश्व तथा अन्यत्रबाट प्राप्त हुने राजश्व आफ्नो समयानुकुल एक हप्ता, १५ दिन, एक महिनामा जम्मा गरेको देखिन्छ । तसर्थ नियमानुसार समयमै राजश्व कर दस्तुर बापत संकलन भएको रकम बैंक दाखिला गर्नुपर्ने देखिन्छ ।

३.स्वीकृत नर्म्सअनुसार बजेट स्वीकृत गराइ कार्यान्वयन गर्नुपर्ने : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा व्यवस्था भएबमोजिम विभिन्न किसिमका तालिम गोष्ठि, अभिमुखिकरण, कार्यक्रम तथा योजना कार्यान्वयन गर्दा कार्यक्रमहरुको लगत अनुमान तयार गरी कार्यालयबाट स्वीकृत गराई सञ्चालन गर्नुपर्नेमा सो गरेको पाइयो । त्यस्ता कार्यक्रमहरु स्वीकृत नर्म्सका आधारमा लगत अनुमान तयार गरी सोही बजेट अनुमानको सीमाभित्र रहेर कार्यक्रम कार्यान्वयन गरेको देखियो ।

४.खरिद योजना र खरिद प्रक्रिया : कार्यालयले आर्थिक वर्षभरीको लागी आवश्यक पर्ने खरिदसम्बन्धी कार्य (निर्माण, जिन्सी र परामर्श सेवा) लाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ बमोजिम खरिद इकाई गठन गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले खरिद इकाई तथा योजना बिनानै खरिद प्रक्रिया अगाडी बढाएकोले खरिद प्रक्रिया निष्पक्ष र त्रुटिरहित छ भन्न नसकिने हुँदा समयमै खरिद योजना तयार गरी कार्य अघि बढाउनुपर्ने देखिन्छ ।

५.जिन्सी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिन भित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था भए बमोजिम जिन्सी मालसामानको लगत तयार गरी खर्च भएर जाने जिन्सी सामानको खाता र खप्ने जिन्सी सामानको खाता खडा गरी खरिद गरेका सामान दुरुस्त राख्नुपर्नेमा जिन्सी शाखामा सो गरेको पाइएन । पालीकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको

यशोदा शर्मा पौडेल
आ.ले.प. अधिकृत

पाइयो भने वडा तथा विभिन्न संघसंस्थालाई आवश्यक पर्ने अधिकाश सामान वडा तथा संघसंस्थाले नै खरिद गर्ने र जिन्सी पनि वडा तथा संघसस्थाले नै बाँध्ने गरेकोले नगरपालीकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको नदेखिएकोले नगरपालीकाको मुल जिन्सी खातामा चढाउनुपर्ने र आर्थिक मितव्ययी तरिकाले कार्य गर्नुपर्ने देखिन्छ ।

६. **आयोजना कार्यान्वयन** : कार्यालयक, विवरणअनुसार यस आ.व ०७७/०७८ मा नगरपालिका बाट बजेट विनियोजन भई उपभोक्ता समिति र ठेक्का बाट सञ्चालन भएका योजना (प्रधानमन्त्री रोजगार कार्यक्रम सहित) संख्या १६७ मध्ये १३५ योजना सम्पन्न भई भुक्तानी गरेको देखिन्छ । १५७ योजनाहरु उपभोक्ता समिति मार्फत र १० योजनाहरु ठेक्का तथा निर्माण व्यवसायी कार्यान्वयन भइ सम्पन्न भएको र उपभोक्ताले अन्तिम निकासाको लागीआवश्यक पर्ने कागजातहरु विल भर्पाई डोर हाजिरी प्राविधीक मुल्यांकन , सामाजिक परीक्षण जस्ता कागजातहरु सिलसिलेवार मिलाई पेश गरेको । साथै सम्पन्न आयोजनाहरुको आगामी दिनमा मर्मत सम्भार तथा रेखदेखको लागी सम्वन्धीत उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ । कार्यालयले तोकेको ढाँचामा भौतिक प्रगति देखिने र हस्तान्तरण गर्न सकिने योजनालाई हस्तान्तरण गरी सोको अभिलेख राख्नुपर्ने देखिन्छ ।

७.**कन्टेन्जेन्सी रकम खर्च** : नगरपालीकाले पूँजीगत रकमको भुक्तानी दिँदा कन्टेन्जेन्सी रकम कट्टी गरेको र विविध विषयमा खर्च गर्ने गरेका छ । आ.व ०७७/०७८ मा कन्टेन्जेन्सी रकम जम्मा १३ लाख काटिएको देखियो । र कन्टेन्जेन्सी रकम मध्ये चालु शिर्षकमा ५५ प्रतिशत र पुँजीगत शिर्षकमा ४५ प्रतिशत खर्च गरेको देखिन्छ ।

८. **न्याय सम्पादन** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुगो लगाउने व्यवस्था छ । नगरपालीकाबाट प्राप्त विवरण अनुसार आ.ब. २०७६/०७७ मा जम्मा १६ वटा मुद्दा दर्ता भएबमोजिम ९ वटा समाधान भई टुगिएको र ७ वटा फछौंट हुन बाँकी रहेको छ । नगरपालीकाले न्यायीक समितिमा दर्ता भएका निवेदन मध्ये करिब ४५ प्रतिशत फछौंट हुन बाँकी देखियो । स्थानीय तहबाट सम्पन्न गरिने न्याय सम्पादन समयमानै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९. स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाँउपालीका तथा नगरपालीकाको आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागी आवधिक, वार्षिक रणनीतीगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा सो गरेको पाइएन ।

१०.योजना र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागीतामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ साथै योजना बनाँउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सुची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुर दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी स साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।

यशोदा शर्मा पौडेल
आ.ले.प. अधिकृत

११. नक्सा पास : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ। यस नगरपालीकाले पनि नक्सापास निर्देशिका पारीत गरी भर्खर मात्र कामको सुरुवात गरेको भएतापनि सन्तोपजनक रुपमा तीव्र रुपले अगाडी बढ्न नसकेको देखियो । र आ.व २०७७/२०७८मा घरको नक्सापासको लागी निवेदन पालीकामा पेश हुन नआएको पाइएको छ ।र पालीकाले आफ्नो क्षेत्रभित्रका घरहरुको घर नक्सालाइ प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सकेको छैन । नक्सापासको अभिलेख पनि व्यवस्थित रुपमा राखेको पाइएन ।

१२. खानाखर्च सचिवालय व्यवस्थापन तथा विविध खर्च : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधीभित्र रहि औचित्यताको आधारमा विविध खर्च गर्नूपर्ने व्यवस्था छ। पालीकाका पदाधिकारी तथा कर्मचारी बिविध कामको सिलसिलामा विभिन्न स्थानमा जानुपर्ने हुँदा कुन स्थानमा के प्रयोजनको लागी गएको हो सो को स्पष्ट उद्देश्य खुल्ने गरी प्रतिवेदन संलग्न गरी राख्नुपर्ने देखिन्छ । साथै यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

१३. पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च : पुंजी सिर्जना नहुने खालका वितरणमुखि तथा उपयोगीता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुजीको निर्माण हुने एवम् उपयोगीता सिर्जना हुन गरी योजना छनौट तथा कार्यान्वयन नगर्नु पर्ने कार्यक्रम छनौट तथा कार्यान्वयन नगर्नू पर्ने कार्यक्रम छनौट गरी पुजीगत शीर्षकमा समावेश गरी सीमीत स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नहुने उत्पादनमा बृद्धि नगर्ने किसिमका खर्चलाई बिभिन्न संघसंस्था, समुह, क्लव रेडियो, पत्रिका, कोत मन्दिर लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट भुक्तानी गरेको पाइयो । यस्तो खर्च अधिक भएकोले मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ । चालु र पुजीगत शिर्पकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय चालुबाट गर्नुपर्नेमा पुंजीगत शिर्पकबाट खर्च भएकोले उक्त व्याख्या अनुसार बजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्पकले यथार्थ शिर्पकगत खर्च रकमको विवरण दिन नसक्ने अवस्था रहेकोले बजेट तयार गर्दा नै चालुगत र पुजीगत बजेट स्पष्ट रुपमा व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१४.चौमासिक समीक्षा : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयमा वर्पको एकचोटीमात्र समीक्षा गरेको पाइयो । यसरी चौमासिक रुपमा प्रगति विवरण प्रस्तुत गर्दा कार्यालयको कार्यप्रगतिको काम स्वच्छ स्पष्ट र पारदर्शी रुपमा मुल्यांकन हुने र सर्वसाधारणमा पनि सकारात्मक प्रभाव पर्न जाने साथै चौमासिक रुपमा केकति प्रगति हासिल गर्न सकियो सोको जानकारी हुने हुँदा कार्यालयले अनिवार्य रुपमा चौमासिक प्रगति समिक्षा गर्नुपर्ने देखियो ।

१५. प्रधानमन्त्री रोजगार कार्यक्रम : स्थानीय तहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, पहिरो नियन्त्रण,पदमार्ग निर्माण कार्य

यशोदा शर्मा पौडेल
आ.ले.प. अधिकृत

लगाएतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१९ जनालाई रोजगारी उपलब्ध गराई ७८२०५५१ खर्च गरेको छ । लक्षित वर्गलाई ७ दिनदेखि २५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमीक ज्याला, प्रशासनीक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनी कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिदैन ।

१६. सेवा प्रवाह : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालीका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरणअनुसार यस वर्ष महिला ५१८ र पुरुष ६०८ जना गरी जम्मा ११२६ जनाको जन्म दर्ता तथा महिला १२५ र पुरुष १६२ गरी जम्मा २८२ मृत्युदर्ता, सम्बन्ध विच्छेद ६ बटा, बसाँइसराइ मध्ये बसाँइसराइ गरी आएका दर्ता सख्या ९ र आउने व्यक्तिको संख्या २२ जना र बसाँइसराइ गरी जानेको दर्ता संख्या १०३ र जाने सदस्य सख्या २९८ जनाको दर्ता गरी EMIS मा entry गरी सेवा प्रवाह गरेको देखियो । कार्यालयले सम्बन्ध विच्छेद, बसाँइसराइ, पञ्जिकरण दर्ता तथा सिफारिस, पारिवारिक लगतको अभिलेख सामाजिक सुरक्षा आदिको सम्बन्धमा अभिलेख अनलाइन मार्फतनै अभिलेख राख्ने गरेको छ । कार्यालयले सामाजिक सुरक्षा , व्यक्तिगत घटनादर्ता, र यसैसम्बन्धि गुनासो सुनुवाईको दर्ताशिविर पनि सम्पुर्ण वडाहरुमा सम्पन्न गरिसकेको छ ।

१७. विरुवा हाम्रो फल तपाँइको : कृषि कार्यक्रम अन्तर्गत कार्यालयले कार्यालय भित्रका किसानहरुलाई बिरुवा हाम्रो फल तपाईंको अन्तर्गत ७५ प्रतिशत अनुदानमा अम्रपाली आँप, लिची सिडलेस, सुनकागती बिज सुन्तला र अलैंची गरी ५ किसीमका बिरुवामध्ये सुन्तला स्थानीय स्तरबाट कुर्घा सातमुले सुन्तलाजात फलफुल नर्सरी फ.न.पा.१० कुर्घाबाट , अलैची नवसिर्जना कृषि तथा पशुपालन फर्म बा.न.पा.१२ बाट खरिद गरेको र आँप ,कागती, र लिची कोटेशन गरी एग्रो पार्क एण्ड रिसर्च सेन्टर बाट १४७५००० को खरिद गरको छ ।जसमध्ये उपभोक्ताको तर्फबाट ३६७१८८ साझेदारी गरेको देखियो । कार्यालयले पालीकाभित्रका करिब २६०० घर धुरीलाई बिरुवा वितरण गर्दा खरिद, अनुगमन, ढुवानी,सञ्चालन र विविध खर्च मा गरी १४५१८०० खर्च गरेको छ । र उपभोक्ताको हिस्सा रु. ३६७१८८ । को देखिन्छ ।

१८. टनेल हाम्रो उत्पादन तपाइँको : पालीकाले कृषकलाई टनेल उत्पादन तपाईंको कार्यक्रम अन्तर्गत टनेललाई चाहिने (१०*६ मि १२०gsm) प्लास्टिक खरिद गरी कृषकलाई उपलब्ध गराउने र कृषकले १५०० नगरपालीकामा राजश्व दाखिला गर्ने गरी ६००००० बजेट विनियोजन भएकोमा गत वर्ष राजश्व बुझाएका ३९ र यो आ.व.मा ४१६ थान जम्मा ४५५ जनाको माग निवेदन परेकोमा ९० थान टनेलको प्रति टनेल रु.५३७० का दरले गण्डकी एग्रो सोलुसन बाट कोटेशन मार्फत खरिद गरी ४८३३०० भुक्तानी गरेको पाइयो । र पुनः ३६५ थान बाँकी टनेल १९७१००० बराबरको टनेल टेन्डर आह्वान गरीएकोमा १९६९४४८ स्वीकृत भएको देखियो । र टेन्डरको जिम्मा जय श्री राम ट्रेर्डस फ.न.पा.६ ले लिएको देखियो ।

१९. भैंसी पकेट कार्यक्रम : कृषि कार्यक्रम भैंसी पकेट क्षेत्र लागु गर्नको लागी कृषकलाई भैंसी खरिद गरी दुध तथा दुधजन्य सामाग्रीको बिक्री वितरण वृद्दि गर्नको लागी पालीकाको वडा नं २ र ३ को मल्यांग्दी खोला साइडमा यो कार्यक्रम सञ्चालन गरेकोमा यो ८।८कार्यक्रमबाट लाभान्वीत घरपरिवार संख्या ६५ रहेको पाइयो । र ती मध्ये २८ जनाले भैसीं खरिद गरको र भैंसी पकेट क्षेत्र हुनको लागी भैंसीको संख्या १५० हुनुपर्ने १७० रहेको पाइयो । भैंसी पकेट कार्यक्रमको लागी

यशोदा शर्मा पौडेल
आ.ले.प. अधिकृत

फलेवास नगरपालीकाको व्यवस्थापनमा सिर्जनशील बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालनमा हुने गरी रु.२५००००० बजेट विनियोजन भएकोमा समुह गठन तथा अभिमुखिकरण ,आहाग विकास , खोप तथा परजीवी नियन्त्रण,पशु स्वास्थ्य शिविर ,ढुवानी ,विमा तथा अभिलेखिकरण सार्वजनिक सुनुवाई तथा कार्यालय सञ्चालन खर्च मा रु २५००००० लाख खर्च लेखेको छ ।

खाताहरुको विवरण

सि. नं.	अनुदानको प्रकार	बजेट	प्रामि	खर्च	चालु	पुंजीगत	अनुदान फिर्ता
1	नेपाल सरकार समानिकरण	100800000.00	100800000.00	88216710.00	26524841.00	61691869	
2	प्रदेश सरकार समानिकरण	12043000.00	12043000.00	5026674.00		5026674.00	
3	नेपाल सरकार शसर्त अनुदान	452020430.00	449338429.33	349129670.67	307869405.67	41260265	100208759.33
4	प्रदेश सरकार सशर्त अनुदान	6260000.00	6260000.00	6260000.00		6260000	
5	नेपाल सरकार समपुरक अनुदान	19000000.00		0.00			
6	प्रदेश सरकार समपुरक अनुदान	10000000.00	5000000.00	5000000.00		5000000	
7	संघीय सरकार विशेष अनुदान	23500000.00	23500000.00	23500000.00		23500000	
8	आन्तरीक स्रोत	52365720.00	47203851.95	45096331.00	20388915.00	24707416	
9	अन्य अनुदान चालु	6700000.00	3047813.50	156815585.00		1815585.00	
10	संघीय सरकार राजस्व बाँडफाँड	70883950.00	60637508.31	59990226.00	24606278.00	35383948	
11	प्रदेश सरकार राजस्व बाँडफाँड	6247475.00	6247475.00	2092475.00	2092475.00		
12	अन्तर सरकारी अख्तियारी संघ	118470000.00	118470000.00	114625516.00	104201716.00	10423800.00	
13	अन्तर सरकारी अख्तियारी प्रदेश	300000.00	300000.00	288000.00		288000.00	
जम्मा		878590575.00	832848078.09	701041187.67	485683630.67	215357557.00	100208759.33

यशोदा शर्मा पौडेल
आ.ले.प. अधिकृत

प्रकोप व्यवस्थापन कोष : कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोलिएको , बजेट रु. रु.९६२२४२२ मध्ये ७७७३७९.४ खर्च भई रु.१८४८६२८ बाँकी रहेको ।

गत आ.व. को पेश्की विवरण

क.सं	व्यक्ति/संस्थाको नाम	रकम
१.	प्रताप पौडेल	९५०००
२.	पाराश्वर शर्मा	२७००००
३.	वि.एम.ए निर्माण सेवा	४१९०४९
४.	रुद्रराज निर्माण सेवा	८३४४१४
५.	वि.एम.ए निर्माण सेवा	६८२०००
६.	रुद्रराज निर्माण सेवा	७७००५३
७.	कालिका भगवती कन्टक्सन	१५०००००
८.	श्री भवानी विद्यापिठ मा.वि	४१६७७१३
९.	श्री माटेदेवल जनसहयोगी (प्रा.तथा व्या) मा.वि	११८०७१४
१०.	श्री राम मा.वि	१८०००००
११.	अग्नी इनकर्पेरेट	१०६५८४५
१२.	जनज्योती मा.वि	१८०००००
१३.	जनता मा.वि	१८०००००
१४.	श्री भुमे निर्माण	१८,००,०००
१५.	श्री लिमिठाना माध्यमिक विद्यालय	१८,००,०००
१६.	लिमि उल्लेरी आधारभुत विद्यालय	१९३०००
१७.	श्री शिशुनिकेतन आधारभुत विद्यालय	१८०००००
१८.	थापाठाना मा.वि	७०००००
१९.	माटेदेवल जनसहयोगी	५००००००
२०.	श्री भवानी विद्यापीठ मा.वि	५००००००
२१.	अन्नपुर्ण मा.वि	६५००००
२२.	सिद्ध मा.वि.	६५००००
२३.	जनज्योती मा.वि	५६७०००
२४	जनज्योती मा.वि	८३०००
२५	पर्वत बहुमुखि क्याम्पस	५००००००
२६.	श्री भवानी विद्यापिठ मा.वि	४२७४९८६
२७.	माटेदेवल जनसहयोगी	७५७३९६८
२८.	हिलेखोला फलेवास प्रवेशद्वार निर्माण समिति	१०००००
२९.	नेटा बजार घोप्टे मोटरबाटो निर्माण समिति	१५३०००

यशोदा शर्मा पौडेल
आ.ले.प. अधिकृत

३०.	लिमिठाना सिचाई योजना वराहस्थान चिर्दि उपभोक्ता समिति	१९००००
३१.	नेटा वजार घोप्टे मोटरवाटो निर्माण समिति	२०००००
३२.	श्री चण्डी श्रीकाड युवा क्लव	१४००००
३३.	सुरक्षित आवास कार्यक्रम अन्तर्गतका लाभग्राहीहरु	६७६०००
३४	जेष्ठ नागरिक दिवा सेवा केन्द्र	७०११०७
३५	अलैंचे खानेपानी योजना निर्माण	५६००००
३६.	ठाडा खोरिया म्पाटा खानेपानी योजना	४७५०००
३७.	नुवार तिवारीथर सडक निर्माण उपभोक्ता समिति	५०००००
३८.	कार्कीनेटा खानेपानी तथा सरसफाई उपभोक्ता समिति	३०२२०००
३९.	वृहत फलेवास गुणस्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता समिति	१२०००००
४०.	रुग्दी लोहोटारी खानेपानी उपभोक्ता समिति फलेवास	१२०००००
४१.	शोभाखर शर्मा	२००००
४२.	रामचन्द्र सुवेदी	४९६६४८

धन्यवाद ।

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

यशोदा शर्मा पौडेल
आ.ले.प. अधिकृत

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय)
डोरमुकाम पर्वत/गोरखा

अ.छा.द.

पत्र संख्याः २०७७/०७८
च.नं. ६

मितिः २०७७/१२/०२

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
फलेवास नगरकार्यपालिकाको कार्यालय,
खानीगाउँ, पर्वत।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६/०७७ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७७/१२/०२ मा छलफल पश्चात तयार गरिएको पाना ३५ (पैतिस) को प्रारम्भिक प्रतिवेदन यसै साथ छ।

कार्यालयबाट पेश भएको आर्थिक विवरण प्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम ३५ दिन भित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनुहुनेछ। उक्त समय भित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

(कल्पना घिमिरे)
लेखापरीक्षण अधिकारी

बोधार्थ तथा कार्यार्थः
श्री सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार काठमाडौं - प्रतिवेदन संलग्न छ।
श्री जिल्ला समन्वय समिति,
पर्वत - प्रतिवेदन संलग्न छ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
पर्वत - प्रतिवेदन संलग्न छ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
पर्वत - प्रतिवेदन संलग्न छ।

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थानः फलेवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पर्वत आर्थिक वर्षः **२०७६।७७**

	नाम	कार्यरतअवधि		बेरुजुरकम
		देखि	सम्म	
कार्यालयप्रमुखः	प्र. प्र. अधिकृत श्री मोतिराम सापकोटा	२०७६/४/१	२०७६/१०/२७	१७८४३८६३.२०
	प्र.प्र.अधिकृत श्री सुरेश न्यौपाने	२०७६/१०/२७	२०७६/१२/२	
	प्र. प्र. अधिकृत श्री मुक्तिराम रिजाल	२०७६/१२/३	हाल सम्म	
लेखाप्रमुखः	लेखापाल श्री लिलाधर गौतम	२०७६/४/१	२०७६/८/७	
	लेखाअधिकृत श्री यशोदा सुवेदी	२०७६/८/७	हाल सम्म	

वित्तिय प्रतिवेदन

आ.ब २०७६/०७७ अवधि २०७६/४/१-०७७/३/३१

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	३३१२२६१४९.६
	क) नगद	०	२	**पूँजीगत खर्च**	२९०५४०७४६
	ख) बैंक	१४८५४२७३.७३	३	**वित्तीय व्यवस्था भुक्तानी**	
२	**राजस्व (आन्तरिक आय)**			क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	३३८११३१३.१७		ख) ब्याज भुक्तानी	
	ख) राजस्व बाँडफाँड	४७९१६३९३.६९		ग) अन्य भुक्तानी	
	ग) अन्य वाँडफाड वाट प्राप्त आय		४	**लगानी**	
३	**वित्तीय हस्तान्तरण**			ऋण लगानी	
	क)वित्तीय समानीकरण अनुदान	१०१५०००००	५	वेरुजु दाखिला	९९९०५
	ख) सशर्त अनुदान	३२५६५८०००	६	निकाशा फिर्ता	२८४९२५०९.९
	ग) समपूरक अनुदान	१५९४००००	७	**धरौटी फिर्ता**	
	घ) विशेष अनुदान	७५०००००	८	**कोष खर्च (प्रकोप व्यवस्थापन)**	६३६७२२८
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		९	**मौज्दात**	
	क)वित्तीय समानीकरण अनुदान	११३६७४३०		क) नगद मौज्दात	०
	ख) सशर्त अनुदान	७५०००००		ख) बैंक मौज्दात संचित कोष	३७०५३९२७.०६
	ग) समपूरक अनुदान	०		ग) धरौटी मौज्दात	७६८३०९
	घ) राजस्व वाँडफाँड	३३०४०००		घ) मौज्दात विभाज्य कोष	२८१६२५४
५	**विभिन्न कोषतर्फको आय**			ङ) प्रकोप व्यवस्थापन कोष	२६००४२२
	क) सडक वोर्ड				
	ख) पर्यटन वोर्ड				
	ग) प्रकोप व्यवस्थापन कोष	८९६७६५०			
६	**विषयगत निकायबाट प्राप्त रकम**				

	क) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	७७७४९०२			
	ख) प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	७५००००			
	ग) शिक्षा विकास निर्देशनालय	११५००००			
	घ) ज्येष्ठ नागरिक सामाजिक सुरक्षा कार्यक्रम	१०४२१९४००			
	ङ) पर्यटन पूर्वाधार विकास कार्यक्रम	२४९९५५७			
	च) राष्टिय परिचयपत्र तथा पंजीकरण विभाग	७२८०५५			
	छ) गरिवसंग विश्वेश्वर कार्यक्रम	५०००००			
	ज) सामाजिक विकास मन्त्रालय (अन्य सार्वजनिक निर्माण)	२५९९९०८			
	झ) सामाजिक विकास मन्त्रालय	६५६२५९			
७	धरौटी आय	७६८३०९			
	जम्मा	६९९९६५४५०.६		जम्मा	६९९९६५४५०.६

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्योट को व्यहोरा
	लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षकको जिम्मेवारी, लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।		
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस फलेवास नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु फलेवास नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, ८५.७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४५७२ जनसंख्या रहेको छ ।		
	लेखापरीक्षणको क्रममा दोहोरो भुक्तानी, बढी भुक्तानी, कर रकम आदी रु.२०१८८९.० असुल भइ बेरुजु खातामा दाखिला भएको छ ।		
१.	**वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् - • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ बाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेता पनि स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण		

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा

गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको गरेता पनि सम्पुण रिपोट त्यसमा नै आधारीत भएको पाइएन ।

- एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुँजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुँजीगत शिर्षकबाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।
- पालिकाबाट प्राप्त एकिकृत आर्थीक विवरणमा गत वर्षको अ.ल्या रु. १४८५४२७३।७३ छ भने गत आ.व २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदनमा अन्तिम मौज्दात रु.१८८८७२१५.५७ रहेको देखिन्छ । अ.ल्या रकममा रु.४०३२९४१.८४ परक परेको यकिन गर्नु पर्दछ ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२. **बैंक हिसाब मिलान** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरी फरक रकम समायोजन गरेको देखिन्छ ।आर्थिक वर्षको अन्त्यमा ठुलो रकम खर्च गरेको कारण असार पछि रु ३ करोड ३० लाख २७ हजार चेक रकम साटिएको कारण असार महिनाको वैंक मौज्दातसँग फरक परेको देखिन्छ।

खाताकोनाम		चालुखर्च खाता	पुँजीगतखर्च खाता	जम्मा
२०७७असार मसान्तसम्मको बाँकी रकम		७७६३८४१.७८	२४१८३६१८.२३	
२०७७असार मसान्तपछि थप भएको रकम		०		०.
२०७७असारपछि साटिएका चेकको कुल रकम		७५७७८३०.४४	२५४४९२५८.७७	
फिर्ता रकम	संघीय संचित कोषमा	२८४९२५०९.९०		२८४९२५०९.९०
	स्थानीय संचित कोषमा	३१९४७४६०.०१		३१९४७४६०.०१
वास्तविक मौज्दात		०.	०.	०.

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाँध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत गर्नु पर्नेमा गरेको पाईएन । साथै गत विगतको गा.वि.स. का जिन्सी सामानको आम्दानी बाँधेको रेकर्ड राख्नुपर्नेमा सो समेत राखेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको		

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछर्यौट को व्यहोरा
	पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट रु.११३२९३० ।खर्च गरेकोमा योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन । • निजामती सेवा ऐन, २०४९दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागु गरेको पाईएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १०३ र प्रशासनिकतर्फ ९२ समेत १९५ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ५१ र २१ समेत ७२ पदपूर्ती भएकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ११ ऐन, १० नियमावली, १८ कार्यविधि र ४ निर्देशिका ४ नर्म्स निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, • आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९(६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नु पर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था		

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा
	रहेकोमा स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन भित्र दाखिला गर्ने गरेको, • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको नदेखिएको, • स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		
४.	**योजना र कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकि करण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी स-साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धि नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ । यस वर्ष उपभोक्ता समिति मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:		

क्र.सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	४३	३३६००००
२	रु एक लाख देखि पाँच लाख सम्मका योजना	६९	१२३७००००
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	३८	२४३९००००
४	दश लाख एक देखि ५० लाख सम्मा योजना	२७	३७३०००
५	५० लाख भन्दा माथिका योजनाहरु	६	३७२०००००
	जम्मा	१८३	७७६९३०००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा
५.	**सेवाप्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ता १४८८ वटा, नाता प्रमाणित ४१७ वटा, घर बाटो सिफारिस १४९		

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा
	वटा, नागरिकता सिफारिस ५८९ वटा र अन्य ५४२५ वटा दर्ता तथा सिफारीस गरी सेवाप्रवाह गरेको देखियो। पालिकाले सम्वन्ध विच्छेद, बसाईसराई, पञ्जीकरण दर्ता तथा सिफारिस, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख अनलाइन मार्फतनै अभिलेख राख्ने गरेको छ ।		
६.	**नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट प्राप्त विवरण अनुसार आ.व. २०७६।७७ मा घरको नक्सापासको लागि निवेदन पालिकामा पेश हुन नआएको पाइएको छ भने गत वर्ष अनुमति लिएका ७ सहित कुल ८ वटा घरको कार्यसम्पन्न भएको अवस्था छ । पालिकाले आफ्नो क्षेत्रिभित्रको घरहरुको घर नक्सालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सकेको छैन भने भएकाको पनि अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ ।		
७.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो बर्ष थप भएको ४ गरी कुल ११ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।		
८.	**अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नु पर्ने उल्लेख छ। नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी बाहेक चालू खर्च शिर्षकबाट रु.१५ लाख ८९ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नु पर्ने देखिन्छ।		
९.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने		

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा

र चौमासिक लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्याक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
१	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	५०२०२९३	०	०	५०२०२९३	३६८४६१२
२	सघिय सरकारबाट हस्तान्तरित कार्यक्रम	५०३९४२४९	०	१०००००	५०२९४२४९	४१३२३६०४
३	फलेवास नगरपालिका	१०६०९०१०३	९६९५९७८	१३४०८८९९	८२९८५५१७	५९०६५३१६
	कूल खर्च:	१६१५०४६४५	९६९५९७८	१३५०८८९९	१३८३०००५९	१०४०७३५३२
	खर्च प्रतिशत		६.०	८.३६	८५.६४	६४.४३

१०. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३८१२३०००	२२२७९४१९	४.५६
सामाजिक क्षेत्र	३६४७१४०००	३२०९६०३७०	६५.६५
पूर्वाधार विकास क्षेत्र	१०८५०२०००	५६६१३०५२	११.५८
वातावरण तथा विपद् व्यवस्थापन	१५९३२०००	११४३३६६९	२.३३
संस्थागत विकास र सेवा प्रवाह			
वित्तीय व्यवस्थापन र सुशासन			
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	९०२५६०००	७७६८७०६५	१५.८८
जम्मा	६१७५२७०००.०	४८८९७३५७५	१००

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा रु १० करोड ८५ लाख वजेट विनियोजन भएकोमा बजेटको तुलनामा ५२.१८ प्रतिशत मात्र खर्च भएको छ समग्र खर्चको तुलनामा ११.५८ प्रतिशत खर्च भएको छ। पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।

११. **कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गरी शत-प्रतिशत लक्षित प्रगति हाँसिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट

दफा	भौ.नं.. मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा

गरी कार्यान्वयनमा लैजानु पर्दछ ।पूर्व तयारी बेगर बजेट मात्र विनियोजन गरेको कारण यस्तो भएको देखिन्छ । यस सम्वन्धमा छलफल गर्दा कम प्रगति हुनुमा कोरोना महामारी लगायतको कारण उल्लेख गरेको छ । कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च	खर्च (%)
सामाजिक विकास मन्त्रालय (अन्य) सार्वजनिक निर्माण	३९५००००	२५९९९०८	६६
सामाजिक विकास मन्त्रालय	९०००००	६५६२५९	७२.९१
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजिगत	१२५०००००	५०२०२९३	४०.१६
शिक्षा विकास निर्देशनालय	१६५००००	११५००००	६९.६९
फलेवास नगरपालिका पूँजिगत	१६५९२८००००	१०६०९०१०३	६३.९३

१२. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ३३८११३१३ राजस्व बाँडफाँड र अनुदानबाट रु.४७९१६३९३ समेत रु ८१७२७७०६ आम्दानी भएकोमा चालु तर्फ रु. ४३९१६२६० र पूँजिगत तर्फ रु.३७८११४४६ गरि रु.८१७२७७०६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ८००००००।खर्च भएको छ जुन आन्तरिक आयको २४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३८ प्रतिशत चालु र ६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

संगठन तथा कर्मचारी ब्यवस्थापन

१३. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १३ पदमा ४३ जना कर्मचारीहरु करारमा राखी रु.३६३०७०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछर्यौट को व्यहोरा
	पद वाहेकको विभिन्न पदमा ८ जना करार नियुक्ति गरी बर्ष भरीमा रु.२७५४०३०.० भुक्तानी गरेको अनियमित देखिएन अतः यसलाइ नियन्त्रण गरीनु पर्दछ ।		
१४.	**खाना तथा विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१९५९४२९.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।		
१५.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले पहिरो, आगलागी, स्वास्थ्य उपचार आदि प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.६८३०००.० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।		
१६.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नको लागी आ.ले.प अधिकृतको व्यवस्था नियुक्त भई आन्तरीक लेखापरीक्षण गरेको भएता पनि आ.व.को अन्तमा नगरी कानुनको व्यवस्था अनुसार चौमासीक रुपमा आन्तरीक लेखापरीक्षण गरी आर्थिक कारोबार र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।		
१७.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.५६९२३३३.० तथा विभिन्न सहकारी संस्था तथा कृषकलाई बाख्रा पालन, कुखुरा पालन, भकारो सुधार तथा माटो परीक्षण शिविर संचालन तथा अनुदानमा रु.२६८०३६४.० गरी रु.८३७२६९७.० खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।		
१८.	**कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।		

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा
	अन्य राजश्व | २४९७८००० | १८९५७०३९.६४ | ७५.८९		
	पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।		
१९.	**सोझै खरिदः**– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.	२१३०८७८	

भौ. नं.	भुक्तानी पाउने	काम तथा खरिद विवरण	भुक्तानी रकम
मेसीनरी औजार खरीद			
२४३-०७७/२/५	ग्लोरी कम्प्युटर वर्ल्ड	ल्यापटप र प्रिन्टर खरिद	१४३१००
४४५-०७७/३/२९	प्रोफेसनल ट्रेडिङ हाउस	फोटोकपी मेशिन खरिद	३१५४९९
४४३-०७७/३/२९	कालिका कम्प्युटर एण्ड सप्लायर्स	ल्यापटप खरिद	४१५५००
जम्मा			८७४०९९
कार्यालय संचालन खरीद			
२५३-०७७/२/७	मनकामना फोटो एण्ड स्टेशनरी सेन्टर	स्टेशनरी सामाग्री खरिद	१५२२२२
३१५-०७७/३/८	नवदुर्गा स्टेशनरी सेन्टर	कार्यालय स्टेशनरी सामाग्री खरिद	७६५८०
३७१-०७७/३/१९	मनकामना फोटो एण्ड स्टेशनरी सेन्टर	स्टेशनरी सामाग्री खरिद	९९१८०
२३३-०७७/३/८	मनकामना फोटो एण्ड स्टेशनरी सेन्टर	कार्यालय सामाग्री खरिद	३३२६०९
फर्नीचर खरीद			६६०५९१
२९७-०७७/२/२५	भुसाल फर्निसिङ्ग सेन्टर	कार्यालय फर्निचर खरिद	९६२७६
३१६-०७७/३/१८	अधिकारी फर्निचर उद्योग	फर्निचर खरिद	४९९९१२
जम्मा			५९६१८८
कुल जम्मा			२१३०८७८.०

पुँजिगत तर्फ

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा
२०.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :		

गो.भौ.नं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
२३३-०७७/१/३	कार्किनेटा थापाठाना शकर पोखरी चितीपानी जैमुनिघाट मो.बा.नि समिती	१२७५७१०	एक्साभेटर	३७५१३०.०
१८८-०७७/१/१०	मुडिकुवा शिरशुवा झो.पु.मोटरबाटो निर्माण उ.स	२१३३५९७	एक्साभेट, व्याकहो लोडर	५०००००.०
२२६-०७७/१/३०	जैवारी नुवाखर्क सात्ले हुँदै स्युरास मोटरबाटो निर्माण उ.स	१०५६०००	एक्साभेटर र ब्रेकर	१०५५९९८.८३
	पाङ्गराङ्ग, सिरकाङ्ग, सुलिकोट भोक्सीङ्ग सडक मर्मत	७३३०६०.६६	एक्साभेटर र ब्रेकर	८४३३५.५६
३९७-०७७/३/२४	चियानडाँडा पत्यान बाहुनीमारा बयाले सडक उ. स. वडा नं ९ भंगरा	७३६२४५	जे. सी. बी.	४५००००
४२४-०७७/३/२६	लिमिठाना अर्चले सिरुवारी थापाठाना सडक उ स	८३६८१७.९३	जे. सी. बी.	६९०१०३.२९
४३८-०७७/३/२८	दुर्वुटी फाप्रे मोटरमार्ग नि उ स वडा नं २	५७६०००	एक्साभेटर	३३९०००
	जम्मा			२७०५५६७.६८

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा
२१.	**मूल्य अभिवृद्धि कर कट्टी**–मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ग बमोजिम ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु सेवा वा दुवै आपुर्ति गरी सो वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. ७०२२०.८६ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु.	९८२२२.८६	

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	५० प्रतिशत रकम
४९-०७६/७/५	फलेवास निर्माण सेवा	६०९३०११५५	५६७९६९.१९	६५३४१.३८	३२६७०.६९
६१-०७६/७/२४	आर एस कन्सट्रक्शन		४५८८३२.८६	५२७८६.०७	२६३९३.०३
	फलेवास निर्माण सेवा	६०९३०११५५	४२९४२६	५२४१८.२४	२६२०९.१२
६२-०७६/७/२६	बराहथान निर्माण सेवा	६०११९५५३०	२०९५६७.६६	२४१०९.५५	१२०५४.७८
६३-०७६/७/२६	शिवालय निर्माण सेवा	६०१२००९३३	३४६७१८	३९८८७.९२	१९९४३.९६
६४-०७६/७/२६	कृष बिल्डर्स	३०१३२११९०	२०८८४१	२४०२६	१२०१३
९४-०७६/८/७	शुभकामना इन्जिनियरिङ सोलुसन प्रा.लि		४८६८०४.०	५६००४.०	२८००२.०
	जम्मा				९८२२२.८६

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा
२२.	**अनुत्पादक तथा वितरणमुखी खर्च**– सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको उदाहरण निम्नानुसार छन् । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।		

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम	फछ्र्यौट को व्यहोरा

सि.नं.	भुक्तानी पाउने संस्था तथा व्यक्तीको नाम	प्रयोजन	रकम
१	पुजा संचालन समिति	भुमे स्थानमा पुजा संचालन गर्न	२००००
२	खेलकुद व्यवस्थापक	खेलकुद सामाग्री व्यवस्थापन	३५८५०
३	नवदुर्गा स्टेशनरी सेन्टर	खेलकुद सामाग्री खरिद गरी वितरण	१६०४३१
४	नव कालिका सामुदायिक क्लब	विविध साँस्कृतिक कार्यक्रम खेलकुद सहित दशैं मेला	७००००
५	पर्वत रुपन्देही सेवा समाज	रुपन्देहीमा रहेका पर्वतका विद्यार्थीहरुलाई सहयोग प्रदान	२५०००
	जम्मा		

